## अनुसूची- २

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या ४.५ मितिः २०७७/०१/०३

**भाग-२**

**देउमाई नगरपालिका**

**देउमाई नगरपालिका ज्येष्ठ नागरिक पोषाक खर्च सम्बन्धी कार्यविधि, २०७७**

देउमाई नगरपालिका

# देउमाई नगरपालिका ज्येष्ठ नागरिक पोषाक खर्च सम्बन्धी कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट पारित मितिः२०७७.०१.०३
नगरसभाबाट अनुमोदन मितिः२०७७.०३.१०

प्रस्तावनाः

देउमाई नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षामा स्थानिय तहको समेत उत्तरदायित्व सुनिश्चित गर्ने उद्देश्यले देउमाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ को अधिकार प्रयोग गरि देउमाई नगरकार्यपालिकाको मितिः२०७७/०८/०७ को निर्णय अनुसार देउमाई नगर कार्यपालिकाले यो देउमाई नगरपालिका ज्येष्ठ नागरिक पोषाक खर्च सम्बन्धी कार्यविधि,२०७७ जारी गरेको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**१) यो कार्यविधिको नाम देउमाई नगरपालिका ज्येष्ठ नागरिक पोषाक खर्च सम्बन्धी कार्यविधि,२०७७ रहेको छ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२.** **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) नगरपालिका भन्नाले देउमाई नगरपालिका सम्झनु पर्दछ।

ख) कार्यपालिका भन्नाले देउमाई नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) प्रमुख भन्नाले देउमाई नगरपालिकाको प्रमुख सम्झनुपर्नेछ।

घ) उपप्रमुख भन्नाले देउमाई नगरपालिकाको उपप्रमुख सम्झनु पर्नेछ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले देउमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनुपर्नेछ।

च) कार्यालय भन्नाले देउमाई नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ।

छ) ज्येष्ठ नागरिक भन्नाले दलित र एकल महिलाको हकमा ६० वर्ष उमेर पुरा भएको तथा अन्यको हकमा ७० वर्ष पुरा भएको नागरिक सम्झनुपर्दछ।

**३.** **<u>ज्येष्ठ नागरिक पोशाक खर्च पाउनेः</u>**देउमाई नगरपालिका भित्र रहेका सामाजिक सुरक्षा ऐन, २०७५ को परिच्छेद २ को दफा ४बमोजिम ज्येष्ठ नागरिक भत्ता पाउने ज्येष्ठ नागरिक सबैले पोशाक खर्च रकम पाउनेछन्।

**४.** **<u>पोशाक खर्च रकम र वितरणः</u>** १) यस कार्यविधि बमोजिम देउमाई नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरूले बार्षिक रूपमा एकपटक एकमुष्ट रू.२,०००।०० अक्षरेपी दुई हजार मात्र पोशाक खर्च बापत पाउनेछन्।

२) यो रकम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत पहिलो चौमासिकमा वितरण गरिनेछ।

५. **<u>निवेदन पेश गर्नु पर्ने</u>**: १) दफा ३ बमोजिम पोशाक खर्च रकम प्राप्त गर्ने ज्येष्ठ नागरिकले वडा कार्यालयमा अनुसुची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

२) उपदफा १ बमोजिमको निवेदन सँग देहायको कागजात संलग्न राख्नुपर्नेछः

क) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि

ख) नेपाली नागरिकताको प्रतिलिपि

६. **<u>विवरण राख्नुपर्ने</u>**: १) दफा ३ बमोजिम ज्येष्ठ नागरिक पोशाक खर्च पाउने व्यक्तिहरूको अभिलेख अनुसूची २ बमोजिमको ढाँचामा वडा कार्यालयमा तयार गरी राख्नुपर्नेछ।

२) उपदफा १ बमोजिम तयार गरेको अभिलेख चौमासिक समाप्त भएपश्चात नगरकार्यपालिकाको कार्यालयको सामाजिक सुरक्षा शाखामा अनिवार्य एक प्रति बुझाउनुपर्नेछ।

७. **<u>संशोधन</u>**: देउमाई नगरकार्यपालिकाको बैठकको निर्णयले यो कार्यविधि संशोधन गर्न सक्नेछ।

८. **<u>बाधा अड्काउ फुकाउ</u>**: यस कार्यविधिको कार्यान्वय गर्दा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

९. **<u>बचाउ</u>**: यो कार्यविधि कार्यान्वयन हुनु अगाडी नगरकार्यपालिकाको निर्णय अनुसार ज्येष्ठ नागरिक पोशाक खर्च सम्बन्धी भएगरेको सम्पुर्ण कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

देउमाई नगरपालिका

**अनुसूची १**

**दफा ५ को उपदफा १ सँग सम्बन्धित**

**पोशाक खर्च रकम पाउने ज्येष्ठ नागरिकले वडा कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा**

मितिः......................

श्रीमान् वडा अध्यक्ष ज्यू,
..........नं. वडा कार्यालय
देउमाई नगरपालिका, इलाम

**<u>विषयः ज्येष्ठ नागरिक पोशाक खर्च रकम पाउँ भन्नेबारे।</u>**

उपरोक्त सम्बन्धमा म निवेदक देउमाई नगरपालिकाको ज्येष्ठ नागरिक पोशाक खर्च कार्यविधि, २०७७ को दफा ३ बमोजिम ज्येष्ठ नागरिक पोशाक खर्च पाउन योग्य भएकाले सो रकम उपलव्ध गराईदिनुहुन देहायको विवरण सहित यो निवेदन पेश गर्दछु।

**<u>विवरणः</u>**

नाम/थरः..............................
ज्येष्ठ नागरिक परिचय पत्र नं....................
जन्म मितिः..............................
नागरिकता नं........................ जारी मितिः..................... जारी जिल्लाः.......................
स्थायी ठेगानाः.................................

**<u>संलग्न कागजातः</u>**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि

**निवेदकः**

नाम/थरः......................

देउमाई नगरपालिका

हस्ताक्षरः....................

**अनुसूची २**

**दफा ६ को उपदफा १ सँग सम्बन्धित**

**पोशाक खर्च पाउने ज्येष्ठ नागरिकहरूको विवरणको अभिलेख**

| क्र.सं. | नाम/थर | ठेगाना | परिचयपत्र नं. | नागरिकतानं. | नागरिकताजारी मिति र जिल्ला | बैंकखाता नं. | बैंककोनाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

आज्ञाले,
प्रेम प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत